बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- २०८०/०८१
चलानी नं.:- ३३६९

मिति: २०८१/०३/०६

विषयः आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम सम्बन्धमा।

श्री वडा अध्यक्षज्यूहरु,

वडा कार्यालयहरु, सबै

बागमती गाउँपालिका, मकवानपुर।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम असार १० गते भित्रमा आगामी आ.व. २०८१/०८२ को आय व्याय अनुमान सहित नीति तथा कार्यक्रम गाउँ सभामा अनिवार्य पेश गर्नु पर्ने व्यहोरा विदितै छ। सोही सम्बन्धमा तहाँ वडा कार्यालयहरुलाई तपसिल बमोजिमको क्षेत्रहरुमा देहायको मर्गदर्शन पालना गरी प्राथमिकिरण सहित कार्यक्रम तथा अनुमानित आवश्यक बजेट मिति २०८१/०३/०८ गते शनिबार दिउँसो २ बजे भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

तपसिल

**क. बजेट तथा कार्यक्रम पेश गर्नु पर्ने क्षेत्रहरुः**

१. आर्थिक विकास तर्फ

१.१ कृषि विकास

१.२ पशु विकास

२. सामाजिक विकास तर्फ

२.१ शिक्षा

२.२ स्वास्थ्य

२.३ खानेपानी

२.४ लक्षित वर्ग

३. पूर्वाधार विकास

सर्केश घलान
अध्यक्ष

E-mail: bagmatimun.makwanpur@gmail.com, Website : www.bagmatimun.makawanpur.gov.np

४. वातावरण तथा विपद् व्यवस्थापन

**ख. योजना छनौट तथा तर्जुमा गर्दा पालना गर्नुपर्ने मार्गदर्शन तथा प्राथमिकिकरणः**

आर्थिक बर्ष २०८१/०८२ को योजना तर्जुमा गर्दा गाउँपालिकाले देहायका विषयलाई मार्गदर्शनका रुपमा लिई सोही बमोजिम योजना छनौटमा प्राथमिकिकरण गर्नु पर्नेछ।

१. जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा योगदान दिई आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजना तथा कार्यक्रमहरु,

२. कृषि उत्पादन तथा बजारीकरणमा योगदान दिने, उद्यमशीलता विकास र प्रवर्द्धन गर्ने खालका योजना तथा कार्यक्रमहरु,

३. उत्पादनमुलक तथा छिटो प्रतिफल दिने खालका योजना तथा कार्यक्रमहरु,

४. जनस्वास्थ्यसंग सम्बन्धित विपद्लाई सहजै सामान गर्न सक्ने तथा नियमित स्वास्थ्य सेवालाई सरल, भरपर्दो, आधुनिक प्रविधियुक्त बनाउन योगदान दिने खालका योजना तथा कार्यक्रमहरु,

५. स्थानीय जनताको अधिकतम् श्रम तथा लागत सहभागीता जुटने, स्थानीय श्रोत, साधन र सीपको प्रयोग हुने, कम लागतमा बढी प्रतिफल दिन सकिने दिगो विकासका योजना तथा कार्यक्रमहरु,

६. महिला, बालबालिका, जेष्ठ नागरिक, पिछडिएका वर्ग र क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुगी लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने खालका योजना तथा कार्यक्रमहरु,

७. बातावरणीय संरक्षण, फोहरमैलाको दिगो र प्रभावकारी व्यवस्थापन, विपद् उत्थानशील योजना तथा कार्यक्रमहरु,

८. रोजगारी सिर्जना र आयआर्जनमा योगदान दिन सक्ने योजना तथा कार्यक्रमहरु,

९. गाउँपालिकाको संस्थागत क्षमता विकास, आधुनिक र प्रविधिमैत्री प्रशासन बनाउन योगदान पुग्ने योजना तथा कार्यक्रमहरु,

१०. दिगो विकासका लक्ष (SUSTAINABLE DEVELOPMENT GOALS) लाई योगदान दिने खालका योजना तथा कार्यक्रमहरु,

सर्केश घलान
अध्यक्ष

# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल


पत्र संख्या:- २०८०/०८१
चलानी नं.:- ३३६९

११. शैक्षिक विकास, स्थानीय भाषा, संस्कृतिको जगेर्ना र सामाजिक सदभाव बढाउने खालका योजना र कार्यक्रमहरु,

१२. लैङ्गिक उत्तरदायी, जलबायु परिवर्तन, गरिवी न्यूनीकरणमा योगदान पुग्ने रणनीतिक खालका योजना र कार्यक्रमहरु।

**नोटः**

१. भौतिक पूर्वाधार निर्माण तथा पूँजीगत प्रकृतिको कार्यक्रम / योजनाहरुको प्रस्तावित बजेट न्यूनतम् रु. ५ लाखको हुनु पर्नेछ। त्यस रकम भन्दा कम बजेट आवश्यक पर्ने कार्यक्रम / योजनाहरु छनौट गरिने छैन।

२. कार्यक्रम / योजना छनौट गर्दा तहाँ वडामा भएको " **जनतासँग जनप्रतिनिधि कार्यक्रम** " मा आएका जनताका मागहरुलाई प्राथमिकिकरण गरी समावेश गर्नु पर्नेछ।

३. वडा समितिबाट प्राथमिकिकरण गरी छनौट भएका कार्यक्रम तथा अनुमानित आवश्यक बजेटको सूची यसैसाथ संलग्न ढाचाँमा EXCEL SHEET (ई - कपि) तथा वडा समिति सदस्यहरुको हस्ताक्षर सहितको प्रमाणित प्रति दुवै उपलब्ध गराउनु पर्नेछ।

..........................
सर्केश घलान
अध्यक्ष

सर्केश घलान
अध्यक्ष